## सम्पादकीय

# नागरिकमा आशा जगाऊ

देशको बर्तमान राजनीतिक र आर्थिक परिस्थिति निराशाजनक, अन्यौल तथा चुनौतीपूर्ण रहेको छ। संविधान जारी भएको झन्डै एक दशक भइसक्दा पनि मुलुक सत्ता समीकरण, हेरफेर र सरकार गठन/पुनर्गठनमा अल्झिरहेको छ। राजनीतिक अस्थिरता, आर्थिक संकट, बेरोजगारीजस्ता समस्याहरू हल गर्ने दिशामा सरकार अघि बढिरहेकोमा बिश्वस्त हुन सक्ने अबस्था छैन। संबिधान निर्माणपछि बनेका बिभिन्न सरकारले दिएका सुशासन, समृद्धि र बिकासको एजेन्डा कोरा नारामा मात्र सीमित रहेको पाइएको छ। कतिपय सरकारले सुशासनको क्षेत्रमा काम गर्न खोज्दा गठबन्धन हेरफेर भई सरकार नै परिबर्तन हुने गरेको पनि छ। यसले गर्दा जनतामा नैराश्यता बढ्दो छ। अर्कोतर्फ भ्रष्टाचार बढ्दै गएको आभास भएको छ। मुलुकको अर्थतन्त्र बलियो बनाउन नसकेको, नीतिगत तथा संस्थागत सुधार ल्याउन नसकेको, उत्पादनमुखी अर्थतन्त्र निर्माण गर्न नसकेको, आपूर्ति व्यबस्थामा सुधार ल्याउन तथा उत्पादन बृद्धि र रोजगारी सृजना गर्न नसकेको, गुणस्तरीय सेबा प्रवाह गर्न नसकेको गुनासो बढिरहेको छ।

सत्ता स्वार्थका लागि हुने गरेको बारम्बारको गठबन्धन र सरकार परिबर्तनले संसदीय राजनीतिको फोहोरी खेलको झल्को दिएको छ। राज्यका सबै अंगमा भ्रष्टाचार र कमिसनतन्त्र मौलाएको छ। बिगतमा संसदीय समितिबाट कारबाहीका लागि सिफारिस भएका भ्रष्टाचारसम्बन्धी ठूला काण्डहरू तथा यससम्बन्धी गठित छानबिन आयोगका प्रतिबेदनहरू सार्बजनिक गरी कारबाही प्रक्रिया अघि बढाउन सकेको छैन। यसले गर्दा पनि जनतामा निराशा छाएको छ। यसका साथै चालू संसद्‌लाई छलेर बिभिन्न अध्यादेशहरू ल्याई राज्य चलाउने सरकारको पुरानो राजनीतिक प्रबृत्तिले लोकतन्त्रका साथै समग्र प्रणालीप्रतिको जनबितृष्णासमेत बढ्दै गएको छ। अर्थतन्त्रमा संचरनागत सुधारका कुनै संकेत देखिँदैनन्। एकातिर आर्थिक मन्दीमा बढोत्तरी, औद्योगिक उत्पादन र बातावरणमा ह्रास छ भने अर्कोतिर बैंकिङ प्रणालीमा अधिक तरलता रहँदारहँदै कर्जाको माग सिर्जना हुन नसक्नु, मिटर ब्याजपीडितहरूका समस्या, सहकारी ठगीपीडितका समस्या र साना उद्यमी व्यबसायीहरूले झेल्नुपरेका समस्या ज्यूँका त्यूँ रहनु बिडम्बना नै मान्नुपर्छ।

अहिले सबैभन्दा ठूलो दल नेपाली कांग्रेस र दोस्रो दल नेकपा (एमाले) मिलेर बनेको सरकार छ। यो सरकार गठन हुँदा घोषित लक्ष्य संबिधान संशोधन अन्यौलमा परेको छ। जनताको दैनिक जीबिकासँग जोडिएको बिषयमा पनि खासै काम गर्न सकेको छैन। एउटै अपराधमा फरक-फरक तबरमा मुद्दा चलाउने, कसैलाई मुद्दा नचलाउने आदि कार्यले गर्दा कानुनी प्रक्रियामा जनतामा अबिश्वास उत्पन्न भएको छ। सबैभन्दा बलियो सरकार पनि अघिपछिको सरकारभन्दा भिन्न हुन नसकेको स्थिति छ भने नेपाली जनताका लागि दुर्भाग्य नै मान्नुपर्दछ। आखिर सरकारले किन सोचे अनुरुप काम गर्न नसकेको हो ? सरकारलाई काम गर्न के-के तत्वले दिइरहेको छैन ? प्रतिपक्षी दलले दाबी गरेजस्तो बिचौलिया, कमिसनखोरको घेराबन्दीले गर्दा सरकारले काम गर्न नसकेको हो त ? नभए दुई तिहाइ सरकारले पनि राम्ररी काम गर्न नसक्नुको कारण जनता जान्न-बुझ्न पाउनुपर्दछ। सरकार असफल भएको अहिले नै निष्कर्ष निकाल्नु हतार हुने भए पनि सफल हुने दिशामा समेत अघि बढिरहेको छैन। सकारात्मक केही पनि छैन भन्ने होइन, तर नकारात्मक बढी भएको अवश्य हो। यस्तो अबस्थामा संघीयता बिरोधी, लोकतन्त्र बिरोधीहरूले खेल्ने मौका पाइरहेका छन्। परिर्बतनको अनुभूति गर्न नसक्ने र व्यबस्था बिरोधी स्वर पनि आकर्षण लाग्ने अबस्थालाई कसरी बिश्लेषण गर्ने? यो स्थिति आउनु बडो दु:खद हो। यस्ता निराशाको परिदृश्यभित्र आशाको किरण कहिले देख्न पाइने हो ? नागरिकको निराशालाई चिरेर आशा जगाउनतिर सरकार उन्मुख होस्।

## लेखकहरूलाई अनुरोध

१३०० शब्दका उत्कृष्ट लेख-रचना एवम् पाठक-पत्रहरू निम्न ठेगानामा पठाउनुहुन अनुरोध गरिन्छ।

email : lekh_rachana@yahoo.com, samacharpatrac@gmail.com

## सूचना

### पठाउने होइन त चिठी ?

कामना न्यूज पब्लिकेसन्सका प्रकाशनहरू नेपाल समाचारपत्र र अनलाइन प्रकाशन newsofnepal.com ले आफ्ना डिजाइन परिवर्तन गर्नुका साथै जेन जीलगायत विभिन्न नयाँ स्तम्भहरू पनि शुरु गरेको छ।

मुख्यत: स्कुल, कलेज जाने उमेरका किशोरकिशोरीहरू लक्षित सामग्रीहरू पस्किने सन्दर्भमा उनीहरूले भोगेका समस्या तथा भावनालाई उनीहरूकै कलममार्फत उजागर गर्न हाम्रो नियमित स्तम्भ 'सम्पादकलाई चिठी' मा समेत स्थान दिन थालिएको छ। यस स्तम्भमा किशोरकिशोरीहरूले आफ्ना स्कुल, कलेज वा समाजमा भोग्नुपरेका कठिनाइ, अनुभव वा विचारलाई स्थान दिइनेछ। आफ्ना स्कुल, कलेजको व्यवस्थापन वा शिक्षक वा अभिभावकलाई प्रत्यक्षरुपमा भन्न नसकिएका कुरा एवं सुझावहरू यस स्तम्भमा लेखेर पठाउन सकिनेछ। साथै शिक्षक वा अभिभावकहरूले पनि आफ्ना विद्यार्थी वा छोराछोरीलाई सामूहिकरुपमा भन्न चाहेका कुरा लेखेर पठाउनुभएमा यस स्तम्भमार्फत प्रकाशन गर्न सकिनेछ।

प्राप्त स्तरीय सृजनात्मक सामग्रीहरूलाई जेन जीलगायत अन्य स्तम्भमार्फत प्रकाशन गर्न सकिने भएकाले आफ्ना सृजनात्मक सामग्रीहरू अंग्रजी वा नेपाली भाषामा लेखेर तलको ठेगानामा पठाउन आग्रह गरिन्छ। यी प्रत्येक सामग्रीहरू करिब १५० शब्दको हुनुपर्नेछ।

सामग्रीहरू पठाउने ठेगाना : kamanagenz@gmail.com

- सम्पादक


## कटारी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

कटारी, उदयपुर
कोशी प्रदेश, नेपाल

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

प्रकाशित मिति २०८१/११/२० गते

यस कटारी नगरपालिकाको मिति २०८१/०९/२४ गते राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित विद्युतिय माध्यमवाट औषधी तथा सर्जिकल सामाग्रीहरुको खरीद सम्वन्धि बोलपत्रको सूचना अनुसार रितपूर्वक पर्न आएका बोलपत्रहरु मध्ये तपशिलको बोलपत्रदाताले पेश गरेको न्यूनतम मुल्यांकित सारभुत रुपमा प्रभावग्राही भएकोले सार्वजनिक खरीद ऐन (पहिलो संशोधन) २०६२ को दफा २७ र ४७ को प्रयोजनार्थ सबै बोलपत्रदाताहरुको जानकारीको लागि बोलपत्र स्विकृत गर्ने आशयको सूचना प्रकाशित गरिएको छ।

| सि.नं | विवरण | बोलपत्रदाताको नाम र ठेगाना | कवोल अंक |
|---|---|---|---|
| १ | औषधी तथा सर्जिकल सामाग्री खरीद (KMUN/P/NCB/15/081/82) | हेल्पिङ्ग हेल्थ पोलिक्लिनिक प्रा.लि. काठमाडौं | १६,४३,९७८।- (मु.अ.कर वाहेक) |

प्रमुख प्रशाससकीय अधिकृत

बागमति प्रदेश सरकार
भौतिक पूर्वाधार विकास मन्त्रालय
## शहरी विकास तथा भवन कार्यालय, नुवाकोट

### शिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने आशयको सूचना

प्रथम पटक प्रकाशित मिति २०८१/११/२०

यस कार्यालयबाट मिति २०८१/१०/२३ गतेको हिमालय टाइमस राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित वोलपत्र आह्वान सम्वन्धी सूचना अनुसार प्राप्त वोलपत्रहरु मध्ये तपशिलमा उल्लेखित वोलपत्र न्यूनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही देखिएकोले स्वीकृतिको लागी छनोट भएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (२) र दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबैमा यो सूचना प्रकिशत गरिएको छ।

| सि. नं. | ठेक्का नं. | कामको विवरण | सफल वोलपत्रदाताको नाम र ठेगाना | कुल कवोल रकम भ्याट र पि.एस. समेत |
|---|---|---|---|---|
| 1. | UDBO/NUW/W/SQ/01/081-82 | पोखरी चौर बगैचा वडा कार्यालय सडक स्तरउन्नती, गल्छी–३, धादिङ | Anakanya Nirman Sewa, Jwalamukhi-7, Dhading | 15,93,705.01 |
| 2. | UDBO/NUW/W/SQ/02/081-82 | जौवारी सल्लेडाँडा चौतारा छटिन्टार सडक गल्छी–३, धादिङ | Anakanya Nirman Sewa, Jwalamukhi-7, Dhading | 15,76,910.90 |
| 3. | UDBO/NUW/W/SQ/03/081-82 | छाडेटार हरेटार मुलाबारी नवलपुर सडक गल्छी–३, धादिङ | Anakanya Nirman Sewa, Jwalamukhi-7, Dhading | 15,87,054.36 |
| 4. | UDBO/NUW/W/SQ/04/081-82 | टुनीखोला टारिवेशी आमडाँडा ग्रावेल ढलान गल्छी-३ | Anakanya Nirman Sewa, Jwalamukhi-7, Dhading | 15,57,018.38 |

नि.कार्यालय प्रमुख

### Invitation for Electronic Bids
## Budhanilkantha Municipality Office
Hattigaunda, kathmandu
Date of publication: 2081/11/20

1. **Budhanilkantha Municipality Office** invites electronic bids from Nepalese eligible bidders for the works mentioned below National Competitive Bidding procedures.

| S. N. | Contract Name/Contract ID | Cost of Bid document | Estimated Amount with Vat & PS | Pre-bid meeting held | Deadline date of bid submission and opening date | Bid Security Amount (NRs.) | Bid Security Validity Period |
|---|---|---|---|---|---|---|---|
| 1. | Construction of Premix carpeting road at Sunakhari marga, Ward no 04 (SQ/BNP/CW/081_082/03) | 1,000.00 | 19,35,735.07 | - | 2081/12/10 @ 12 :00 hrs 2081/12/10 @ 13:00 hrs | 50,000.00 | 75 Days deadline date of bid opening date. |
| 2. | Construction of Tourism Infrastructure at Shivapuri National Park, Budhanilkantha Municipality (NCB/BNP/CW/081_082/17) | 3,000.00 | 65,92,189.36 | Budhanilkantha Municipality, Hatigauda-Kathmandu on 2081/12/11 @ 13:00 hrs | 2081/12/24 @ 12 :00 hrs 2081/12/24 @ 13:00 hrs | 1,60,000.00 | 120 Days deadline date of bid opening date. |

2. Eligible Bidders may obtain further information by visiting PPMO website www.bolpatra.gov.np/egp.

**Chief Administrative Officer**

Government of Nepal
Ministry of Urban Development
## Department of Urban Development and Building Construction
## Federal Urban Development and Building Construction Office, Kailali

### Invitation for Online-Bids

**(Notice No.: FUDBCO/KAILALI/NCB/Works/ 2081/082/07)**
**Date of Publication: 2081/11/20 (4th March, 2025)**

Federal Urban Development and Building Construction Office, Kailali invites electronic bids from eligible bidders for the following works under NCB Bidding Procedure, (Single Stage Two Envelope). For more details, visit www.bolpatra.gov.np/egp.

| Contract ID | Description of Works | Bid Validity/Bid Bond Validity Period | Bid Security Amount (NRs.) | Bid Document Fee (NRs.) |
|---|---|---|---|---|
| FUDBCO/KAILALI/Works/NCB/53-2081/082 | Construction and Extension of Annex Building at FUDBCO, Kailali. | 90 days/120 days from the date of Bid Opening. | 6,35,000.00 | 5,000.00 |
| FUDBCO/KAILALI/Works/NCB/54-2081/082 | Construction of Dhangadhi Sabha-Hall (Phase-II) at Dhangadhi, Kailali. | 90 days/120 days from the date of Bid Opening. | 5,00,000.00 | 5,000.00 |
| FUDBCO/KAILALI/Works/NCB/55-2081/082 | Construction of Emergency Shelter Building at Beldandi Rural Municipality -02, Kanchanpur and Bhajani Rural Municipality Ward No.-3, Bardawa photama Kailali. (Phase-II) | 90 days/120 days from the date of Bid Opening. | 7,50,000.00 | 5,000.00 |

Government of Nepal
Ministry of Energy, Water Resources and Irrigation
Department of Water Resources and Irrigation
## Sikta Irrigation Project
Nepalgunj, Banke

### Invitation for Online Bids

**Date of publication: 2025-03-04 A.D (2081-11-20 B.S)**

Department of Water Resources and Irrigation, Sikta Irrigation Project invites the **online bids only** under e-procurement system for the construction of project mentioned below under National Competitive bidding. For further Details, Bidders are requested to visit the Sikta Irrigation Project, Nepalgunj, Banke, or PPMO's website https://bolpatra.gov.np/egp.

| S. N. | Contract I.D. | Description of the work | Fee for bid document (NRs) | Key Qualification Requirements | Bid Security amount in (NRs) |
|---|---|---|---|---|---|
| 1. | SIP/CAD/ABC/NCB-13/081-82 | Construction of Akalgharwa Sub-Secondary Canal (S3/SS1) upto Ch. 1+235, Tertiary Canal (S3/SS1/T1) and related Structures | 5,000.00 | • Avg. Annual Turnover: 65.07 Million • Similar nature contract: 43.47 Million ( at least one) | 21,00,000.00 |
| 2. | SIP/CAD/ABC/NCB-14/081-82 | Construction of Akalgharwa Sub-Secondary Canal (S3/SS1) from Ch. 1+235 to Ch. 4+000 and related Structures | 5,000.00 | • Avg. Annual Turnover: 70.70 Million • Similar nature contract: 47.23 Million (at least one) | 21,00,000.00 |
| 3. | SIP/CAD/ABC/NCB-15/081-82 | Construction of Akalgharwa Sub-Secondary Canal (S3/SS3) and related Structures | 5,000.00 | • Avg. Annual Turnover: 55.73 Million • Similar nature contract: 14.86 Million (at least one) | 10,00,000.00 |
| 4. | SIP/SBC/SC-6R/NCB-16/081-82 | Construction of Sidhaniya SC-6R Sub-Branch Canal from Ch. 0+000 to Ch. 2+215 | 5,000.00 | • Avg. Annual Turnover: 39.76 Million • Similar nature contract: 15.91 Million (at least one) | 8,50,000.00 |
| Last Date & Time of Bid Submission: 2081/12/21 (3rd April, 2025), 12:00 Hrs | | | | | |
| Bid Opening Date & Time: 2081/12/21 (3rd April, 2025) 14:00 Hrs | | | | | |

**Note: Bidders are requested to visit the site before bidding.**

**Project Director**


CamScanner